सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावहरु**

२२.१ प्रदेश सरकार विशेष अनुदानका लागि योजना छनौट गरी पेश गर्ने सम्बन्धमा,

२२.२ उत्पीडित नागरिक उत्थान केन्द्रको प्रस्तावना स्वीकृत गरी आर्थिक सहायता सम्वन्धमा,

२२.३ गाउँपालिकाका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरूको छुट लगत संकलन सम्वन्धमा,

**निर्णयहरू**

**२२.१. प्रदेश सरकार विशेष अनुदानका लागि योजना छनौट गरी पेश गर्ने सम्बन्धमा**

आ.व. २०८०/८१ को लागि प्रदेश सरकारसँग विशेष योजनाको लागि विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि २०७६(पहिलो संशोधन, २०८० समेत) अनुसार देहाय बमोजिमका योजना छनौट गरी प्रस्ताव पेश गर्ने ।

**देहाय**

| क्र.सं. | योजनाको नाम | कार्यान्वयन हुने स्थान | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| १ | प्रगती माध्यमिक विद्यालयमा खानेपानी तथा फर्निचर व्यवस्थापन | कञ्चन-१ | १००००००/- | |
| २ | गजेडी माध्यमिक विद्यालय र गौतम बुद्ध आधारभूत विद्यालयमा खानेपानी तथा फर्निचर व्यवस्थापन | कञ्चन-२ | १००००००/- | |
| ३ | आधारभूत स्वास्थ्य सेवा केन्द्र भवनको रंगरोगन तथा स्वास्थ्य सामग्री खरीद | कञ्चन-३ | १००००००/- | |
| ४ | हिमालय आधारभूत विद्यालयको भवन प्लाष्टर तथा कम्पाउण्ड वाल निर्माण | कञ्चन-४ | १००००००/- | |
| ५ | भैसाही माध्यमिक विद्यालय र सरस्वती माध्यमिक विद्यालयमा फर्निचर व्यवस्थापन | कञ्चन-५ | १००००००/- | |
| ६ | दुर्गा माध्यमिक विद्यालयको वाल प्लाप्टर | कञ्चन-१ | १००००००/- | |
| ७ | गजेडी स्वास्थ्य चौकीमा कम्पाउण्ड वाल निर्माण | कञ्चन-२ | २००००००/- | |
| ८ | रूद्रपुर स्वास्थ्य चौकीमा खानेपानी तथा फर्निचर व्यवस्थापन | कञ्चन-४ | १००००००/- | |

**२२.२. उत्पीडित नागरिक उत्थान केन्द्रको प्रस्तावना स्वीकृत गरी कार्यक्रम सञ्चालन सम्वन्धमा**

गाउँपालिकाको चालु आव २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सहिद परिवार घाईते वेपत्ता, द्वन्द पीडित परिवारलाई सीपमूलक कार्यक्रम गर्नका लागि बजेट विनियोजन गरिएकोमा उक्त कार्यक्रम गर्न उत्पीडित नागरिक उत्थान केन्द्र बाणगंगा नगरपालिका-८, कपिलवस्तुले प्रस्तावना पेश गरेको हुँदा उक्त प्रस्तावना स्वीकृत गरी वार्षिक बजेटको बाट रकम व्यहोर्ने गरी कार्यक्रम सञ्चालनका लागि कायदिशा दिने ।

प्रमाणित
सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

मिति : २०८०/११/१०, कापा बैठक संख्या:२२-०८०/८१

**२२.३. गाउँपालिकाका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरूको छुट लगत संकलन सम्वन्धमा,**

गाउँपालिकाका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको जग्गा नापजाँच गरी लाल पुर्जा उपलब्ध गराउनका लागि राष्ट्रिय भूमि आयोगद्वारा यस अघि जारी सूचना बमोजिम लगत संकलन गरी जग्गा नापजाँच कार्य सम्पन्न भई पुर्जा उपलब्ध गराउने कार्य अन्तिम चरणमा रहेको र राष्ट्रिय भूमि आयोगको मिति २०८० फागुन १ गतेको सूचना बमोजिम विविध कारणवश यस अघि फाराम भर्न छुटेका यस गाउँपालिकाका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको जग्गा नापजाँचका लागि लगत संकलन गर्न सम्बन्धित वडाबाट सूचना जारी गरी वडा कार्यालयहरूमा कार्यरत सहायक कम्प्युटर अपरेटर र अमिनहरूलाई खटाई तोकिएको समयभित्र लगत संकलन गर्ने र उक्त कार्यमा खटिएका कर्मचारीहरूलाई १४ औ गाउँसभाबाट पारित सेवा सुविधा सम्वन्धी मापदण्ड अनुसार अतिरिक्त सेवा सुविधा उपलब्ध गराउने । साथै सम्वन्धित वडाका जनप्रतिनिधि र टोल विकास संस्थाका पदाधिकारी तथा प्रतिनिधि र नागरिक समाज तथा राजनैतिक दल सँग समन्वय कायम गरि लगत संकलन कार्यमा कोही पनि नछुट्ने गरी मिति २०८० साल फागुन ११ गते देखि कार्य प्रकृया अगाडी बढाउने

अन्त्यमा, गाउँपालिका अध्यक्ष श्री नवराज ढकालबाट २२ औ कार्य पालिकाको बैठकमा उपस्थित सम्पुर्णलाई धन्यवाद ज्ञापन गर्दै आजको कार्यापालिकाको बैठक अन्त्य भएको घोषणा गर्नु भयो ।

नवराज ढकाल
गा.पा. अध्यक्ष